सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक (२०८१ श्रावण देखि आश्विन) अवधिमा सम्पादित क्रियाकलापहरूको विवरण

प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

## पर्यटन कार्यालय धरान

कोशी प्रदेश, सुनसरी

# विषय सूची


१. कार्यालयको स्वरुप र प्रकृति........................................................................१

२. कार्यालयको काम, कर्तव्य र अधिकार ...............................................................१

३. कार्यालयको संगठन संरचना........................................................................१

४. कार्यालयबाट प्रदान गरिने सेवाहरू .................................................................. २

५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी ...................................................३

६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर........................................................................३

७. कार्यालयबाट सम्पादित कामहरू....................................................................३

८. कार्यालय प्रमुख, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी ..........................................३

९. ऐन, नियम, कार्यविधिको सूची ..................................................................... ४

१०. आम्दानी, खर्च र आर्थिक कारोवार सम्बन्धी विवरण............................................... ४

११. कार्यालयको वेबसाइट र ईमेल....................................................................... ४

१२. सामाजिक सञ्जाल उपस्थिति........................................................................ ५

१३. कार्यालयले सञ्चालन गरेको कार्यक्रम............................................................... ५

१४. कार्यालयको सूचनाहरू ..........................................................................६

## १. कार्यालयको स्वरुप र प्रकृति


कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहेको यस पर्यटन कार्यालय धरानको कार्यक्षेत्रभित्र कोशी प्रदेशको १० जिल्ला (सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, उदयपुर, संखुवासभा, भोजपुर, धनकुटा, तेह्रथुम, मोरङ र सुनसरी) पर्दछन्। पर्यटनसँग सम्बन्धित व्यवसायहरूको दर्ता, नवीकरण तथा व्यावसायिक क्षेत्र, व्यवसायमा आवद्ध जनशक्तिको क्षमता विकासका लागि यस कार्यालयले कार्य गर्दछ। नयाँ-नयाँ पर्यटकीय गन्तव्यहरू पहिचानका लागि सरोकारवालाहरूसँग छलफल तथा अध्ययन अवलोकन गरी तिनको प्रचार प्रसार तथा प्रवर्धन गर्नु समेत यस कार्यालयको उद्देश्य हो। आफ्नो कार्यक्षेत्र भएका १० जिल्लामा पर्यटकीय गतिविधिहरूलाई प्रोत्साहन, नियमन तथा अनुगमन गर्ने यस कार्यालयको प्रमुख कार्य हो।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

पर्टयन विकास ऐन, २०७६, पर्यटन विकास नियमावली, २०७७ र होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अधिनमा रही यस कार्यालयको देहायमा उल्लिखित काम, कर्तव्य रहेको छ।

- आफ्नो क्षेत्राधिकार रहेका जिल्लाहरूमा होमस्टे दर्ता, नवीकरण, अनुगमन र खारेजी गर्ने,
- आफ्नो क्षेत्राधिकार रहेका जिल्लाहरूमा ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीहरूको दर्ता, नवीकरण, अनुगमन र खारेजी गर्ने,
- पर्यटन व्यवसायीहरूको क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरू सञ्चालन गर्ने,
- पर्यटन प्रवर्धन तथा प्रचारप्रसार गर्ने।

## ३. कार्यालयको संगठन संरचना



| क्र.सं. | पद | श्रेणी/तह | सेवा, समूह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | सातौं/आठौं | प्रशासन, सा.प्र. | १ | १ | ० |
| २ | सहायक/अधिकृत | पाँचौं/छैटौं | प्रशासन, सा.प्र. | २ | २ | ० |
| ३ | सहायक/अधिकृत | पाँचौं/छैटौं | प्रशासन, लेखा | १ | १ | ० |
| ४ | ह.स.चा. | तह विहीन | | १ | ० | १ |
| ५ | कार्यालय सहयोगी | तह विहीन | | २ | २ | ० |
| | जम्मा | | | ७ | ६ | १ |

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर, नेपाल

प्रमुख सचिव

प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश

पर्यटन कार्यालय, धरानको अस्थायी दरबन्दी तेरिज

| क्र.सं. | दरबन्दी विवरण | | | आ.व. २०८०/८१ को स्वीकृत दरबन्दी संख्या | आ. व. २०८१/८२ को दरबन्दी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पद नाम | तह/श्रेणी | सेवा/समूह | | थप | घट | जम्मा | |
| १ | कार्यालय प्रमुख | ७/८ | प्र./सामान्य प्रशासन | १ | ० | ० | १ | |
| २ | सहायक/ अधिकृत | ५/६ | प्र./सामान्य प्रशासन | २ | ० | ० | २ | |
| ३ | सहायक/ अधिकृत | ५/६ | प्र./लेखा | १ | ० | ० | १ | |
| ४ | ह.स.चा. | तह विहिन | | १ | ० | ० | १ | |
| ५ | कार्यालय सहयोगी | तह विहिन | | २ | ० | ० | २ | |
| जम्मा | | | | ७ | ० | ० | ७ | |

प्रदेश सचिव

## ४. कार्यालयबाट प्रदान गरिने सेवाहरू

यस कार्यालयबाट कोशी प्रदेशका मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु जिल्लामा देहाय बमोजिमका सेवाहरू प्रदान गरिन्छ।

- होम्सटे (घरबास) को दर्ता, नवीकरण, खारेजी सम्बन्धी कार्यहरू,
- ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको दर्ता, नवीकरण, खारेजी सम्बन्धी कार्यहरू,
- होमस्टे सम्बन्धी विभिन्न तालिम।

## ५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | कार्यालय प्रमुख | विजय राई (वरिष्ठ शाखा अधिकृत) |
| २ | प्रशासन शाखा | प्रदिप कुमार श्रेष्ठ (सहायक अधिकृत) |
| ३ | पर्यटन प्रवर्धन शाखा | उपेन्द्र बहादुर श्रेष्ठ (सहायक अधिकृत) |
| ३ | आर्थिक प्रशासन शाखा | रेवती प्रसाद कट्टेल (सहायक अधिकृत लेखा) |

## ६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर

यस कार्यालयबाट प्रदान गरिने सेवाहरू प्राप्त गर्दा लाग्ने दस्तुरहरू *पर्यटन विकास ऐन, २०७६, पर्यटन विकास नियमावली, २०७७, होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७, प्रदेश आर्थिक ऐन, २०८१* मा तोकिएको बमोजिम हुनेछ।

## ७. कार्यालयबाट सम्पादित कामहरू

यस कार्यालयबाट चालु आ.व. को प्रथम त्रैमासिकसम्म सम्पादित कामहरू देहाय बमोजिम रहेका छन्।

| क्रियाकलाप | होमस्टे | | ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी | |
|---|---|---|---|---|
| | अघिल्लो त्रैमासिक सम्मको | यस त्रैमासिकको | अघिल्लो त्रैमासिक सम्मको | यस त्रैमासिकको |
| दर्ता | - | २ | - | २ |
| नवीकरण | - | २ | - | २ |
| अनुगमन | - | ५ | - | २ |
| खारेज | - | ० | - | ० |
| तालिम | - | २ | - | ० |

## ८. कार्यालय प्रमुख, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी

कार्यालय प्रमुख : विजय राई (९८५२०६२७८७)
सूचना अधिकारी : प्रदिप कुमार श्रेष्ठ (९८६२६२६१६९)
गुनासो सुन्ने अधिकारी : उपेन्द्र बहादुर श्रेष्ठ (९८४२१०८८०५)

## ९. ऐन, नियम, कार्यविधिको सूची

कार्यालयद्वारा सम्पादन गरिने कार्यहरू तथा प्रवाह गरिने सेवाहरूसँग सम्बन्धित प्रमुख ऐन, नियम तथा कार्यविधिहरू देहाय बमोजिम रहेका छन्।

(क) पर्यटन विकास ऐन, २०७६

(ख) पर्यटन विकास नियमावली, २०७७

(ग) होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

## १०. आम्दानी, खर्च र आर्थिक कारोवार सम्बन्धी विवरण

बजेट उपशीर्षकः ३२९०४०१२३ चालुतर्फ

| वार्षिक बजेट | अघिल्लो त्रैमासिक सम्मको खर्च | यस त्रैमासिकको खर्च | बाँकी बजेट |
|---|---|---|---|
| १,३३,५०,०००.०० | - | १६,९५,०२४.०० | १,१६,५४,९७६.०० |

बजेट उपशीर्षकः ३२९०४०१२४ पूँजीगततर्फ

| वार्षिक बजेट | अघिल्लो त्रैमासिक सम्मको खर्च | यस त्रैमासिकको खर्च | बाँकी बजेट |
|---|---|---|---|
| ४,००,०००.०० | - | ७३,८००.०० | ३,२६,२००.०० |

दर्ता नवीकरणबाट प्राप्त राजस्वः

| राजस्व शीर्षक | अघिल्लो त्रैमासिक सम्मको | यस त्रैमासिकको | कुल जम्मा |
|---|---|---|---|
| १४२१९ अन्य सेवा शुल्क तथा विक्री | - | ५,०००.०० | ५,०००.०० |
| १४२५३ व्यवसाय रजिस्ट्रेशन दस्तुर | - | ५४,८५०.०० | ५४,८५०.०० |
| जम्मा | - | ५९,८५०.०० | ५९,८५०.०० |

## ११. कार्यालयको वेबसाइट र ईमेल

वेबसाइट : **https://tourismdharan.koshi.gov.np**

ईमेल : **tourismdharan@gmail.com**

## १२. सामाजिक सञ्जाल उपस्थिति

फेसबुक पेजः **https://facebook.com/tourismdharan**

## १३. कार्यालयले सञ्चालन गरेको कार्यक्रम

कार्यालयले चालु आ.व. को यस प्रथम त्रैमासिकमा सञ्चालन गरेका कार्यक्रमहरू देहाय अनुसार छन्।

(क) **होमस्टे सञ्चालनका लागि समुदायमा पूर्व तयारी शिक्षा कार्यक्रमः-** प्रदेशको नयाँ तथा स्थापित पर्यटकीय क्षेत्रमा सामुदायिक होमस्टे सञ्चालन गर्नको निम्ति सम्बन्धित क्षेत्रका स्थानीयबासीहरूलाई होमस्टे सम्बन्धी प्रारम्भिक तथा आधारभूत जानकारी दिने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिन्छ।

यस त्रैमासिक अवधिमा निम्न दुई स्थानहरूमा यो कार्यक्रम सञ्चाल गरिएको थियो।

१. रदलसिंह मानेडाँडा सामुदायिक होमस्टे, पाख्रीबास न.पा. ९, धनकुटामा मिति २०८१/०५/०४ गते।

२. थुम्की सामुदायिक होमस्टे, साँगुरीगढी गा.पा. ६, धनकुटामा मिति २०८१/०६/०८ गते।

(ख) **विश्व पर्यटन दिवसः-** हरेक वर्ष अंग्रेजी महिना सेप्टेम्बरको २७ तारिखको दिन विश्व पर्यटन दिवस मनाउने गरिन्छ। उक्त दिन यस कार्यालयले पनि आफ्नो कार्यक्षेत्रभित्र पर्ने कुनै ठाउँमा विविध कार्यक्रम गरी विश्व पर्यटन दिवस मनाउने गर्दछ। यसै सन्दर्भमा यस वर्षको कार्यक्रम असोज ११ गते (तदनुसार सेप्टेम्बर २७, २०२४) धनकुटा जिल्लाको साँगुरीगढी गा.पा. ५ स्थित डाँडाबजारमा सम्पन्न गरेको थियो।

(ग) **पर्यटकीय मेला महोत्सवः-** प्रदेशको ऐतिहासिक, धार्मिक, साहित्यिक लगायत विविध पक्षहरूको संरक्षण, संवर्धन गर्दै पर्यटन प्रवर्धनमा समेत टेवा पुऱ्याउने हेतुले सञ्चालन गरिने मेला, महोत्सव आदि कार्यक्रमहरूको लागि आर्थिक सहयोग उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

यस त्रैमासिक अवधिमा कार्यालयले निम्न संस्थाहरूसँग कार्यक्रम सञ्चालनको निम्ति सम्झौता गरेको थियो।

१. अप्पन विराटगढ परोपकार संस्था, विराटनगर-१४, मोरङः- जितिया पर्वको अवसरमा मैथिली भाषा, संस्कृतिको प्रवर्धनार्थ २०८१ असोज २ गते महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगरको प्राङ्गणमा कार्यक्रम सञ्चालन।

२. संकसा (संगीत, कला, साहित्य) सांस्कृतिक परिवार, रतुवामाई-१, मोरङः- नेपाली साहित्यको माध्यमबाट स्थानीय क्षेत्रको पर्यटन प्रवर्धनार्थ रतुवामाई न.पा. १ मा २०८१ असोज २२ देखि २४ गतेसम्म 'मुना मदन' नाटक प्रदर्शन।

३. मञ्जिना मुभिज क्रियसन प्रा.लि., विराटनगर, मोरङः- विभिन्न जातजातिको सांस्कृतिक झाँकी, परिकार, गीत-संगीतको प्रचार प्रसार सहित पर्यटन प्रवर्धन गर्न २०८१ असोज १७ देखि २३ गतेसम्म विराटनगर-९ स्थिम हिमालय रोडमा सडक महोत्सव आयोजना।

## १४. कार्यालयको सूचनाहरू

यस कार्यालयको सूचनाहरू कार्यालयको सूचना पाटी बाहेक कार्यालयको आधिकारिक वेबसाइट https://tourismdharan.koshi.gov.np र फेसबुक पेज https://facebook.com/tourismdharan मा समेत प्रकाशन गर्ने गरेको छ।

*****